# भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

सुकुना वहुमुखी क्याम्पस

२०६८

ओमप्रकाश क्षेत्री

# कृतज्ञता ज्ञापन

**भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलव्धिमा पारेको प्रभाव** शीर्षकको शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन मूल विषय लिई अध्ययनरत स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि तयार पारिएको हो ।
यस शोधपत्रको शीर्षक छनौट देखि शोध लेखनकार्य पुरा गर्ने समयसम्म आवश्यक सल्लाह सुझाव परामर्श दिनुहुने सुकुना वहुमुखी क्याम्पसका शोध निर्देशक श्री अशोक वस्नेत, क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ, शैक्षिक योजना तथा व्यवस्थापन विभागका प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अध्ययनका क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क तथा जानकारी प्रदान गर्नुहुने तोपगाछी स्रोत केन्द्रका स्रोतव्यक्ति, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु, अभिभावकहरु तथा विद्यार्थीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउने मेरा सहपाठी मित्रहरु हिमप्रसाद दहाल, मधुसुदन अधिकारीलाई धन्यवाद दिन चाहन्छु ।
अध्ययन कार्यमा लाग्न सधैंभरी प्रेरित गरिरहने मेरा घरपरिवारका सदस्यहरुप्रति आभार व्यक्त गर्न चाहन्छु र अन्त्यमा शोधपत्रलाई समयमै टंकणगरी सहयोग पुऱ्याउने भीम तिम्सिनालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

ओमप्रकाश क्षेत्री
शोधकर्ता

मिति : २०६८/१०/२५

# शोधसार

*भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलव्धिमा पारेको प्रभाव* शीर्षकको शोधपत्रको मुख्य उद्देश्य विद्यालयको भौतिक स्रोतसाधनको व्यवस्थापनवाट सिकाइ उपलव्धिमा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ ।

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा सुविधाजनक नमुना छनौट विधिको प्रयोग गरी प्राथमिक विद्यालयहरुको छनौट गरिएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी स्रोतकेन्द्रका स्रोतव्यक्ति, सम्वन्धित विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको छनौट गरिएको छ । त्यसैगरी सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी शिक्षकहरु छनौट गरिएको छ । नमुना छनौटमा परेका व्यक्तिहरुसँग अन्तर्वार्ता, छलफल, प्रश्नावली दस्तावेज पुनरावलोकन तथा अवलोकन फारमलाई तथ्याङ्क संकलनका साधनहरुको रुपमा प्रयोग गरिएको छ । यसमा प्राथमिक र सहायक स्रोतहरुवाट तथ्याङ्कहरु संकलन गरिएको छ ।

आर्थिक स्रोतको अभाव भएका कारण विद्यालयमा आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माणमा कठिनाई उत्पन्न भएको अवस्था पाइयो । विद्यालयसँग प्रत्यक्ष र परोक्षरुपमा सम्वन्धित सरोकारवालाहरुले विद्यालयको भौतिक व्यवस्थापन गर्नका निम्ति आवश्यक सरसहयोग नगरेका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको पाइयो । त्यसैगरी भौतिक पूर्वाधारको विकासका निम्ति पर्याप्त योजनाहरु वन्ने गरेको तर त्यसको कार्यान्वयन भने समयमा नभएका कारणले पनि भौतिक व्यवस्थापनमा समस्या उत्पन्न भएको पाइयो । विद्यालय व्यवस्थापन समिति निर्माण देखि विद्यालयमा हुने गरेका भौतिक संरचना निर्माणका क्रममा एक राजनीतिक दलले अर्को दलको खुट्टा तान्ने प्रवृत्तिले गर्दा पनि भौतिक निर्माणका कामहरु राम्रोसँग हुन नसकेको अवस्था पाइयो । सरकारी निकायवाट प्राप्तहुने रकम पनि आवश्यकताका आधारमा भन्दा पहुँच र भनसुनका आधारमा वितरण गर्ने परिपाटीका कारण पनि शक्ति र पँहुच नभएका विद्यालयहरुमा भौतिक निर्माणको काम राम्रोसँग हुन नसकेको अवस्था पाइयो । स्थानीय निकायहरुवाट समेत कमजोर भौतिक व्यवस्थापन भएका विद्यालयलाई आर्थिक स्रोत उपलव्ध गराएर सुविधा सम्पन्न वनाउने तर्फ खासै चासो नदेखाएको पाइयो ।

विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउन कमजोर भौतिक अवस्था भएका विद्यालयहरुको पहिचान गरी उनीहरुको भौतिक तथा शैक्षिक विकासमा सरकारी तथा गैह्र सरकारी निकायवाट प्रयास गरिनुपर्छ । विद्यालयसँग सम्वन्धित सम्पूर्ण सरोकारवालहरुले विद्यालयको विकासमा प्रत्यक्ष सम्लग्न भएर सहयोग गर्ने वातावरणको विकास गर्नुपर्छ । स्थानीय स्रोत साधनहरुको प्रयोग र परिचालनमा जोड दिनुपर्छ । योजना निर्माणमा सरोकारवालाहरु सवैको सम्लग्नता गराई सो योजना कार्यान्वयनमा समेत तदारुकताकासाथ लाग्नुपर्ने, सरकारी निकायहरुले विद्यालयहरुलाई आवश्यकताका आधारमा सहयोग रकम उपलव्ध गराउनुका साथै, स्थानीय निकायहरुले कमजोर भौतिक अवस्था भएका विद्यालयहरुलाई भौतिक निर्माण कार्यमा सहयोग गरेमा विद्यालयको भौतिक व्यवस्थापन राम्रो गर्न सकिने सुझाव दिइएको छ ।

# विषय सूची

पेज नं.


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता पत्र iii

शोधसार iv

विषय सूची vi

तालिका सूची viii

संक्षिप्त शव्दको पूरारुप ix

परिच्छेद एक : परिचय १-६

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धानात्मक प्रश्न ५

१.६ अध्ययनको परिसीमा ५

१.७ सम्वन्धित शब्दावलीको परिभाषा ६

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका ७-१२

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन ७

२.२ अध्ययनको सैद्धान्तिक खाका १०

२.३ पुनरावलोकनको उपादेयता ११

परिच्छेद तीन : अध्ययन विधि १३-१७

३.१ अनुसन्धानात्मक ढाँचा १३

३.२ तथ्याङ्क संकलन प्रक्रिया १३

३.३ तथ्याङ्क संकलनका साधनहरु १५

३.४ तथ्याङ्कका सोतहरु १७

३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १७

परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण १८-४८

४.१ विद्यालयको भौतिक स्रोतसाधनको अवस्था १८

४.१.१ विद्यालय भवन तथा कक्षाकोठा १८

४.१.२ फर्निचर २१

४.१.३ शौचालय तथा खानेपानी २२

४.१.४ खेलमैदान तथा खेलकुद सामग्री २४

४.१.५ चमेनागृह २५

४.१.६ शैक्षिक सामग्रीहरु २५

४.२ भौतिक स्रोत व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभाव २६

४.३ विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु ३४

४.४ भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्या ३८

४.५ भौतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरु ४४

परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु ४९-५३

५.१ प्राप्ति ४९

५.२ निष्कर्ष ५१

| | | |
|---|---|---|
| ५.३ | सुझावहरु | ५२ |
| सन्दर्भ सामग्री | | i |
| अनुसूचीहरु | | iii-xiv |

# तालिका सूची


| ता.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | विद्यालय भवन र कक्षा कोठाको विवरण | १९ |
| २ | फर्निचर सम्वन्धी विवरण | २१ |
| ३ | शौचालय तथा खानेपानीको अवस्था | २३ |
| ४ | श्री सिंहदेवी प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि | २७ |
| ५ | कञ्चनजंघा प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि | २८ |
| ६ | ज्योति प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि | २९ |
| ७ | शान्ती प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि | ३० |
| ८ | नवदुर्गे प्रा.वि.को कक्षागत औषत सिकाइ उपलब्धि | ३१ |
| ९ | नमुना छनौटमा परेका विद्यालयहरुको औषत कक्षागत सकाइ उपलब्धि | ३२ |
| १० | विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु | ३४ |
| ११ | विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा देखापरेका समस्याहरु | ४० |
| १२ | विद्यालयको भौतिक स्रोत व्यवस्थापनमा आइपरेका समस्या निराकरणका उपायहरु | ४५ |

# संक्षिप्त शव्दको पूरारुप

| संक्षिप्त शव्द | पुरारुप |
|---|---|
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| जि.वि.स. | जिल्ला विकास समिति |